कर्णाली प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

वीरेन्द्रनगर, सुर्खेत

# आवेदन पेश गर्ने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०८२/०९/२२**

यस मन्त्रालयको आ.व. २०८२/०८३ को सङ्घीय सशर्त तर्फको स्वीकृत वार्षिक कार्यक्रम अनुसार कार्यक्रम "महिला उद्यमी तथा उद्यमी समूहलाई उद्यमशीलता प्रवर्द्धनका लागि प्रविधि सहयोग कार्यक्रम सञ्चालन कार्यविधि,२०८२" बमोजिम ईच्छुक महिला उद्यमी र महिला उद्यमीहरुको समूहले उक्त कायविधिको दफा ६ बमोजिमको अनुसूची १ अनुसारको ढाँचामा यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र प्रविधि सहयोगका लागि सम्बन्धित स्थानीय तहमा देहायको कागजात सहित निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।

**देहायः**

**महिला उद्यमी र महिला उद्यमी समूहले निवेदन साथ पेस गर्नुपर्ने कागजातहरुः**

१. उद्योग/व्यवसाय दर्ता तथा नविकरणको प्रमाणपत्र ,

२. स्थायी लेखा नम्बर वा मूल्य अभिबृद्धी कर दर्ताको प्रमाणपत्र ,

३. आ व २०८१/०८२ सम्मको कर चुक्ताको प्रमाणपत्र,

४. आवश्यकता अनुसार व्यावसायिक इजाजत-पत्र,

५. व्यावसायिक योजना,

६. माग गरेको प्रविधिको विवरण (आवश्यक पर्ने प्रविधि, सो प्रविधिको क्षमता र अनुमानित बजार मूल्य।

७. यस अघि प्रदेश वा स्थानीय तहबाट प्रविधि सहयोग अनुदान प्राप्त गरेको/नगरेको सम्बन्धमा उद्यमी महिला /उद्यमी महिला समूहको स्वघोषणा पत्र।

सम्बन्धित स्थानीय तहले प्रविधि सहयोग माग गरी दिएका निवेदनहरु साथ संलग्न कागजातहरुको आधारमा कार्यविधिको दफा ७ बमोजिम एक जना उद्यमी महिला र एक वटा उद्यमी महिला समूह छनौट गरी निवेदन दिने समय (म्याद) समाप्त भएको मितिले १५(प्रन्ध) दिनभित्र यस मन्त्रालयमा सिफारिस गरी पठाउनुहुन यसै सूचनाद्धारा जानकारी गराइन्छ। एक उद्यमी महिला र एक उद्यमी महिला समूह भन्दा बढी सङ्ख्यामा सिफारिस गरी पठाईएको खण्डमा उक्त स्थानीय तहका निवेदन छनौट प्रक्रियामा समावेश गरिने छैन। साथै, "महिला उद्यमी तथा उद्यमी समूहलाई उद्यमशीलता प्रवर्द्धनका लागि प्रविधि सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०८२" मन्त्रालयको वेबसाइटः www. mosd.karnali.gov.np मा हेर्न सकिने व्यहोरा अनुरोध छ।